# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### गभर्नर महाप्रसाद अधिकारी 41st Group Meeting of the SEACEN Board of Governors' बैठक र 57th SEACEN Governors' Conference/High-Level Seminar मा सहभागी

गभर्नर महाप्रसाद अधिकारी स्टेट बैंक अफ भियतनामले २०७८ मंसिर २० (सन् २०२१ डिसेम्बर ६) मा आयोजना गरेको दक्षिण पूर्वी एसियाका १९ केन्द्रीय बैंकका गभर्नर/प्रबन्ध निर्देशकहरुको साझा फोरम The South East Asian Central Banks Research and Training Centre (the SEACEN Centre) को 41st Group Meeting of the SEACEN Board of Governors' बैठक र 57th SEACEN Governors' Conference/High-Level Seminar मा सहभागी हुनुभयो । स्टेट बैंक अफ भियतनामका गभर्नर Mrs. Nguyen Thi Hong को अध्यक्षतामा बैठक तथा उच्च स्तरीय सेमिनार भर्चुअल माध्यम मार्फत सम्पन्न भएको थियो ।




बैठकमा सहभागी गभर्नर/प्रबन्ध निर्देशकहरु माझ the SEACEN Centre को आगामी वर्षका लागि प्रस्तावित कार्यक्रम, प्रस्तावित प्रस्तुत बजेट, Information and Communication Technology (ICT) सम्बन्धी रणनीतिक योजना लगायतका अन्य विषयहरुमा विस्तृत रूपमा छलफल भएको थियो ।

साथै The SEACEN Centre ले आयोजना गरेको ५७ औं SEACEN Governors' Conference/High Level Seminar मा "Digitalisation of the Financial System– Implications for Central Banks" विषयमा छलफल भएको थियो ।

सेमिनारको पहिलो सत्रमा Blockchain Technology Redefining Banking and Digitalization of Money and Payments विषयमा Coin Systems, Onyx by J.P. Morgan का Global Head, Mr. Naveen Mellela र Oliver Wyman का पार्टनर Mr. Jason Ekberg ले संयुक्त रूपमा आ-आफ्ना धारणा व्यक्त गर्नुभएको थियो । त्यसैगरी कोर्नेल विश्वविद्यालयका प्रोफेसर Eswar Prasad ले The Future of Money: How the Digital Revolution is Transforming Currencies and Finance सम्बन्धी विषयमा आफ्नो धारणा राख्नुभएको थियो । उक्त सत्रको टिप्पणीकर्ताका रूपमा The Financial Times, Editorial Board का Chair, Mrs. Gillian Tett रहनुभएको थियो ।

यसै गरी सेमिनारको दोस्रो सत्रमा Bank for International Settlements (BIS) का महाप्रबन्धक Mr. Agustin Carstens, हङकङ मनिटरी अथोरिटीका कार्यकारी प्रमुख Mr. Eddie Yue, बेन्को सेन्ट्रल फिलिपिन्सका गभर्नर Mr. Benjamin Diokno, रिजर्भ बैंक अफ न्युज़िलेंडका गभर्नर Mr. Adrian Orr र बैंक इन्डोनेसियाका गभर्नर Mr. Perry Warjiyo लगायतले सेमिनारको विषयवस्तुमाथि छलफल गर्नुभएको थियो । छलफलको दोस्रो सत्रको टिप्पणीकर्ताका रूपमा हङकङ विश्वविद्यालयका प्रोफेसर Mr. Douglas Arner रहनुभएको थियो ।

उक्त ४१ औं बोर्ड अफ गभर्नर्स बैठक तथा ५७ औं उच्च स्तरीय सेमिनारमा नेपाल राष्ट्र बैंकका तर्फबाट डेपुटी गभर्नर डा. नीलम ढुङ्गाना तिम्सिना, कार्यकारी निर्देशक डा. नेफिल मातङ्गि मास्के, निर्देशकहरु किरण पण्डित, निश्चल अधिकारी, नारायणप्रसाद पोखेल लगायतको सहभागिता रहेको थियो ।

२०७८ मंसिर २० गते

गभर्नरको कार्यालय